## क कार्यालयले गर्ने मुख्य मुख्य कामहरु :

१)आफ्ना मातहतका यान्त्रिक उपकरण तथा सवारी साधनहरुको उचित मर्मत संभार एवं सञ्चालन गर्ने

२))सडक विभाग यान्त्रिक महाशाखाको नीति निर्देशनको परिधि भित्र रही मध्यमाञ्चल क्षेत्रिय सडक निर्देशनालयको निर्देशनमा विभागीय यान्त्रिक उपकरणहरु उपलब्ध गराउने

३) चालु हालतका उपकरणहरु विभागीय काममा प्रयोग नभई आइडल बसेको बेला नियमअनुसार भाडामा लिइ व्यक्ति ठेकेदार वा संघ-संस्थालाई माग अनुसार उपलब्ध गराउने

४) मातहतका यान्त्रिक कार्यालयहरुको नियन्त्रण/सुपरिवेक्षण गर्ने आवश्यक निर्देशन दिने

## ख मेशिन भाडामा लैजाने प्रकृयाहरु, (क) को ३ सँग सम्बन्धित

१)आफूले भाडामा लैजान चाहेको मेशिनहरु उपलब्ध हुन सक्छ वा सक्दैन त्यसबारे जानकारी लिन कार्यालयका मे.ई.सँग सम्पर्क राख्ने

२) यदि मेशिन उपलब्ध छ भने मे.ई. वा निजले तोकेको कर्मचारीसँग सम्पर्क राखी निजबाट मेशिन भाडा सम्बन्धी नियम/शर्तहरुको जानकारी लिन सम्बन्धित फर्मेटमा निवेदन लेखि कार्यालय प्रमुख समक्ष पेश गर्ने

३) कार्यालय प्रमुखबाट तोक आदेश भएपछि उक्त मेशिन भाडामा लैजान अनुमानित रकम के कति लाग्दछ सोमा २५% थप हुने गरी भाडा रकम धरौटी राख्नुपर्छ । सो सम्बन्धि जानकारी कार्यालयका मे.ई. वा निजले

तोकेको कर्मचारस्सँग लिने र उक्त रकम नेपाल राष्ट्र बैंक थापाथली स्थीत को.ले.नि.का. बबरमहलको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरी सो को सक्कल भौचर ल्याई मे.ई. वा निजले तोकेको कर्मचारी संग सम्पर्क राखी सम्झौता पत्र बनाउने ।

४) मेशिनको म्याद थप्नू परेमा पुन: सि.नं. १ देखि ३ सम्मकै कुराहरु पुरा गर्नुपर्ने छ र म्याद समाप्त हुने १ दिन अगावै बैंक समयभित्र यस कार्यालयका मे.ई. सँग सम्पर्क राख्नुपर्ने छ ।

५) काम समाप्त भईसकेपछि नियमअनुसार भाडा कट्टा गरी बाँकी धरौटी रकम फिर्ता लिनका लागि व्यहोरा खुलेको निवेदन लेखि लेखा शाखामा सम्पर्क गर्ने

६) मेशिन भाडा सम्बन्धि विस्तृत विवरण सडक विभागको वेभसाइट मा हेर्न सकिन्छ ।

## ग) कार्यालयले उपलब्ध गराउने सेवाको विवरण

| सि.नं. | सेवा सुविधाको किसिम | सेवाग्राही निकाय/.व्यक्ति | सेवा प्राप्तिको लागि आवश्यक पर्ने कागजपत्र/प्रकृया/सर्तहरु | सेवा प्राप्त गर्दा | | जिम्मेवार शाखा/कर्मचारी | समयमा काम सम्पन्न नभए उजुरी सुन्ने निकाय /कर्मचारी |
|---|---|---|---|---|---|---|---|
| | | | | लाग्ने दस्तुर | लाग्ने समय | | |
| १ | मेशीन निशुल्क उपलब्ध गराउने | सडक विभाग म.क्षे.स.नि. अन्तरगत डिभिजन सडक कार्यालयहरु र सडक योजनाहरु (अमानति कार्यको लागि मात्र) | कुन मेशीन कुन काममा कति अवधिका लागि चाहिने हो खुलाई म.क्षे.स.नि.बाट आदेश गराउने (अनिवार्य) | नि:शुल्क | माग बमोजिमको मेशिन तयारी हालतमा भए तुरुन्तै उपलब्ध हुने | मे.ई. वा निजले तोकेको व्यक्ति | सि.डि.ई./मे.ई. |
| २ | मेशीन निशुल्क उपलब्ध गराउने | मध्यमाञ्चल क्षेत्र वाहिरका सडक विभाग अन्तरगतका डिभिजन सडक कार्यालयहरु तथा योजनाहरु (अमानति कार्यको लागि मात्र) | कुन मेशीन कुन काममा कति अवधिका लागि चाहिने हो खुलाई म.क्षे.स.नि.बाट आदेश गराउने (अनिवार्य) | नि:शुल्क | माग बमोजिमको मेशिन तयारी हालतमा भए तुरुन्तै उपलब्ध हुने | मे.ई. वा निजले तोकेको व्यक्ति | सि.डि.ई./मे.ई. |
| ३ | मेशीन भाडामा दिने | मध्यमाञ्चल क्षेत्र भित्रको विभागीय ठेक्कापट्टा | क) सम्बन्धित डि.स.का./ योजना कार्यालयको काममा कुन मेशीन कति अवधिको लागि चाहिने हो खुलाईएको सिफारिस पत्र पेश गर्नु पर्ने<br>ख) विभागीय अमानति काममा प्रयोग नभई मेशीन खाली रहेको अवस्थामा मात्र दिन सकिने | सडक विभागको स्वीकृत भाडा दर बमोजिम | माग बमोजिमको मेशिन तयारी हालतमा भए तुरुन्तै उपलब्ध हुने | मे.ई. वा निजले तोकेको व्यक्ति | सि.डि.ई./मे.ई. |
| ५ | मेशीन भाडामा दिने | नेपाल सरकारका अन्य कार्यालय,संस्थान एवं सबै संघ संस्था तथा व्यक्ति विशेष | क) विभागीय काममा बाधा नपर्ने गरि मेशीन खाली भएको अवस्थामा मात्र दिने | सडक विभागको स्वीकृत भाडा दर बमोजिम | माग बमोजिमको मेशिन तयारी हालतमा भए तुरुन्तै उपलब्ध हुने | मे.ई. वा निजले तोकेको व्यक्ति | सि.डि.ई./मे.ई. |